नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

ललितपुर

मानभवन

पत्र संख्या

चलानी नं.: १२२४

मितिः २०८०/०३/१०

श्री स्थानीय तह (सबै)

ललितपुर ।

विषयः नागरिकता सिफारीस सम्बन्धमा ।

नेपालको संविधान, २०७२ आश्विन ३ गते जारी हुनुपुर्व जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्ने सम्बन्धमा नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको ऐन, नेपाल नागरिकता ऐन (पहिलो संशोधन, २०७९) का सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतवाट मिति २०८०।०३।०७ मा भएको आदेशपछि सो ऐन कार्यान्वयन गर्न तहाँ स्थानीय तहका सम्बन्धित वडा कार्यालयहरुवाट नागरिकता सिफारिस गर्दा तपसिलमा उल्लेख भएका कागजातहरु संलग्न राखी सिफारिस गर्न/गराउनु हुन अनुरोध छ। साथै नागरिकता सम्बन्धी कुनै पनि किसिमको गलत सिफारिस भएको अवस्थामा नागरिकता ऐन बमोजिम हुने व्यहोरा समेत तहाँ अन्तर्गत सबै वडाअध्यक्षहरुलाई जानकारी गराई दिनु हुन अनुरोध छ।

**नागरिकता सिफारिस गर्दा पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

तपशिलः

१. रु.१०।को टिकटसहित अनुसूची-१ बमोजिमको सम्बन्धित वडाकार्यालयको सिफारिस ।

२. बाबु र आमा दुबैको नेपाली नागरिकताको प्रमाणपत्र ।

३. व्यक्तिगत घटनादर्ता व्यवस्थापन सूचना प्रणालीबाट जारी भएको सक्कल जन्मदर्ता/हस्तलिखित जन्मदर्तालाई स्थानीय पञ्जिकाधिकारीको कार्यालयको अभिलेख अनुसार व्यक्तिगत घटनादर्ता व्यवस्थापन सूचना प्रणालीबाट जारी भएको अभिलेखको प्रतिलिपि ।

४. आवेदकको शैक्षिक योग्यताको प्रमाणपत्र ।

५. परिवारका सबै सदस्यहरुको नाम, थर, नागरिकता नम्बर वा जन्मदर्ता नम्बर र नाता उल्लेख गरी बाबु, आमा र निवेदकको फोटो टाँस गरी पारिवारीक विवरण सहितको नाता प्रमाणित ।

६. एकाघरको कुनै सदस्यको नाममा रहेको घर जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि, विद्युतको बिल वा खानेपानी उपभोग गरेको बिल वा घरसहितको एकीकृत सम्पत्ति कर तिरेको रसिद।

७. बुवा र आमा बीचको विवाहदर्ता प्रमाणपत्र वा बुबा आमाको नागरिकतामा पति वा पत्नीको नाम भएको हुनुपर्ने।

८. बसाई सरी आएको हकमा बसाईसराई दर्ताको प्रमाणपत्र।

९. विवाहित महिलाको हकमा पतिको नागरिकता र विवाहदर्ता प्रमाणपत्र।

१०. बाबु, आमा मध्ये कोही वा दुवैको मृत्यु भएको हकमा मृत्युदर्ता प्रमाणपत्र,

११. स्थानीय तहले सम्बधित वडामा स्थायी बसोवास गरेको भनि गरिदिएको स्थायी बसोवास प्रमाणित पत्र ।

१२. नागरिकता टोलीले २०६३ सालमा नावालिक दर्ता गरेको भए सोको निस्सा वा निवेदकसँग भएका अन्य सरकारी कागजात/प्रमाणपत्र।

**नोटः** नागरिकताको लागि आवेदन दिने व्यक्तिले माथि उल्लेखित कागजातको सक्कल समेत लिई यस कार्यालयमा उपस्थित हुनु पर्नेछ तथा यसरी प्राप्त भएको निवेदन उपर आवश्यकता अनुसार छानविन गरी वडा सर्जमिन्/प्रहरी सर्जमिन/कार्यालयवाट खटि गएको कर्मचारीहरुबाट स्थलगत सर्जमिन लगायत अन्य थप प्रमाण समेत बुझी नागरिकता वितरण गर्ने व्यहोरा समेत अनुरोध छ ।

२०८०/०३/१०

(अमर दिप सुनुवार)

सहायक प्रमुख जिल्ला अधिकारी

सहायक-प्रमुख जिल्ला अधिकारी

**बोधार्थः**

श्री जिल्ला प्रहरी परिसर,

जावलाखेल, ललितपुरः आवश्यक समन्वय र सहजीकरणको लागि।